# दंगीशरण गाउँपालिकाका उपाध्यक्ष श्री पिमा कुमारी वली खड्काज्यूले १७औं गाउँसभामा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम

दंगीशरण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

२०८१ साल असाढ १० गते

**दंगीशरण गाउँपालिकाको १७ औं गाउँ सभाका आदरणीय सभाध्यक्ष ज्यू !**

यस गरिमामय गाउँ सभामा उपस्थित गाउँ सभाका सदस्यज्यूहरू लगायत उपस्थित सबैलाई हार्दिक अभिवादन गर्दै दंगीशरण गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आदरणीय सभाध्यक्ष ज्यू !**

१. नेपालको संविधान २०७२ जारी भएपश्चात मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएसँगै गठित स्थानीय तहको दोश्रो कार्यकालको तेश्रो वर्षमा दंगीशरण गाउँपालिकाको अनुमानित आय तथा व्ययको अनुमान बजेट तथा कार्यक्रमको माध्यमबाट यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवशाली ठानेको छु । यस महत्वपूर्ण समयमा नेपालमा संघीय लोकतन्त्रिक गणतन्त्र स्थापनाको लागि जीवन उत्सर्ग गर्ने वीर शहिदहरूलाई सम्झँदै भावपूर्ण श्रद्धा सुमन अर्पण गर्दै घाइते तथा अङ्गभङ्ग भएकाहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

२. नेपालको संविधान प्रदत्त अधिकार बमोजिम जनमत प्राप्त स्थानीय सरकारको उपाध्यक्षको हैसियतबाट आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्तुत गरिरहँदा दंगीशरण गाउँपालिकाको समग्र शिक्षा, स्वास्थ्य, सामाजिक तथा आर्थिक विकास, सामाजिक न्याय, पूर्वाधार विकासको माध्यमबाट **"हाम्रो प्रण, समुन्नत दंगीशरण"** भन्ने हाम्रो मूल नारालाई साकार पार्न सम्पूर्ण जनप्रतिनिधी, राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक, वुद्धिजिवी, समाजसेवी सबैबाट आवश्यक सहयोगको अपेक्षा गर्दछु ।

३. विश्वव्यापी आर्थिक मन्दीको असरले थिलाथिला पारेको अर्थतन्त्रको यस विषम परिस्थितिमा उपलब्ध सीमित श्रोत र साधनको परिचालन गरी समुन्नतिको लक्ष्य हासिल गर्नु निकै चुनौतिपूर्ण रहेको हामी सबैलाई महशुस भएकै छ । तथापि उपलब्ध सीमित श्रोत र साधनको समानुपातिक र न्यायपूर्ण परिचालनको माध्यमबाट समुन्नतिको लक्ष्य हासिल गर्नु आजको आवश्यकता हो ।

४. आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेटका प्रचलित सिद्धान्त, मूल्य तथा मान्यता, नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेका क्षेत्राधिकार, संघीय तथा प्रादेशिक विषय क्षेत्रगत नीति तथा योजनाहरू, नेपालको दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र २०१६-२०३० ले परिलक्षित गरेका मार्गदर्शन, स्थानीय तहको योजना दिग्दर्शन, २०७८ र सार्वभौम दंगीशरणवासी जनता र जनमतका आधारमा निर्वाचित जनप्रतिनिधीहरूको भावना समेतलाई आत्मसात गरी यो वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने प्रयास गरेको छु ।

**सभाध्यक्ष महोदय,**

५. अब म चालु आ.व. २०८०/०८१ मा हासिल भएका केही प्रमुख उपलब्धीहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(क) गाउँपालिकाको प्रशासनिक भवनको निर्माण सम्पन्न गरी आफनै भवनबाट सेवा प्रदान गरिएको छ ।

(ख) चालु आ.व.मा जम्मा २ कि.मी. बाटोको नयाँ ट्र्याक खोलिएको, १.५ कि.मी. कालोपत्रे गरिएको, १८ कि.मी. बाटोको स्तरोन्नती गरी ग्राभेल गरिएको छ ।

(ग) जम्मा १० हेक्टर जमिनमा सिचाई सुविधाको विस्तार भएको छ । दंगीशरण गाउँपालिकाको विकट मानिने फुर्केसल्ली क्षेत्रमा विद्युत विस्तार गरिएको छ ।

(घ) कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता परियोजना (हेफर परियोजना) मार्फत जम्मा ३१ बाखाको आधुनिक खोर निर्माण, २१ वटा आधुनिक भकारो निर्माण, १० नमुनाबाखा खोर, ३ वटा उन्नत जातको राङ्गा वितरण, १४ वटा उन्नत जातका बोका वितरण गरिएको छ ।

(ङ) समुन्नति परियोजनासँगको साझेदारीमा वित्तीय डिजिटल साक्षरता कार्यक्रमको शुरूवात गरिएको छ ।

(च) ४३८ जना महिला दिदी बहिनीहरूलाई क्षमता विकास तालिम प्रदान गर्नुको साथै ३० जना महिलालाई थाकलको पातलबाट ह्याट र हाते झोला बनाउने सीपमूलक तालिम प्रदान गरिएको छ ।

(छ) दंगीशरण अपाङ्गता सञ्जालसँगको साझेदारीमा ११ जना अपाङ्गता भएका व्यक्तिहरूलाई गुडिया तथा कुसन बनाउने सीपमूलक तालिम प्रदान गर्नुको साथै १ जना अपाङ्गता भएका व्यक्तिहरूलाई तथा क्षमता विकास तालिम प्रदान गर्नुको साथै जनालाई अपाङ्गता सहायता सामाग्री वितरण गरिएको छ ।

(ज) सुत्केरी पोषण प्रोत्साहन कार्यक्रम मार्फत जम्मा ११५ जना सुत्केरी महिलाहरूलाई नेपाल सरकारबाट प्रदान गरिने यातायात तथा गर्भजाँच उत्प्रेरणाका अतिरिक्त रू. तीन हजार दुई सय थप पोषण प्रोत्साहन खर्च बापत वितरण गरिएको छ ।

(झ) जेष्ठ नागरिक, अपाङ्ग, अशक्त, गर्भवती स्वास्थ्य सुधार कार्यक्रम मार्फत हालसम्म जम्मा ५५८ दिर्घरोगीहरूलाई निःशुल्क औषधी तथा प्रयोगशाला सेवा उपलब्ध गराइएको छ ।

(ञ) दंगीशरणको गौरवको रूपमा रहेको १५ सैयाको दंगीशरण आधारभूत अस्पतालको भवन निर्माण सम्पन्न गरी अस्पतालबाट सेवाको शुरूवात गरिएको छ ।विकट क्षेत्र फुर्केसल्लीबाट आधारभूत स्वास्थ्य सेवाको शुरूवात गरिएको छ ।

(ट) राप्ती आँखा अस्पताल रक्षाचौरसँगको सहकार्यमा उज्यालो आँखा कार्यक्रमबाट हालसम्म जम्मा १२२ जनाको मोतियाबिन्दुको निःशुल्क सल्यक्रिया गरिएको छ ।

(ठ) छोरी सम्मान कार्यक्रम मार्फत हालसम्म जम्मा २३२ जना बालिकाको नाममा बैंक खाता खोलि मासिक रू. ३ सयका दरले रकम जम्मा गरिएको छ ।

(ङ) जम्मा ४४६ कृषक समूह मार्फत च्याउ, तरकारी, धान, गहुँ, विषादि वितरण गरिएको छ, १७५ जना कृषकलाई उपन्नत कम्पोष्ट मल निर्माणस्मबन्धी तालिम प्रदान गरिएको छ, मकै पकेट विकास कार्यक्रम सञ्चालन गरी एउटा समूह र एउटा सहकारीलाई उन्नत मकै वीउ वितरण तालिम त यान्त्रिकरणमा सहयोग गरिएको छ । बालीको उत्पादन क्षमता थाहा पाउनको लागि ५३ वटा समूहमा विभिन्न बालीहरू आलु, धान। गहुँ, तोरी, मसुरोको कटानी गरिएको छ।यसले गर्दा किसानहरूमा व्यावसायिक खेतितर्फ आकर्षण बढी आर्थिक आयआर्जनमा सुधार आएको छ ।

(ढ) कृत्रिम गर्भाधारद्वारा गाईभैंसीको नश्ल सुधार हुँदै गएको छ । स्थानीय जातका कुखुराहरूलाई बधिया बनाई मासुको गुणस्तरमा सुधार आएको छ ।

(ण) दंगीशरण गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिएको छ ।बिरेन्द्र नमुना मा.वि.मा स्मार्ट कक्षाको शुरूवात गरिएको छ ।

(त) अध्यक्ष कप फुटबल तथा भलिबल प्रतियोगिता र राष्ट्रपति रनिङ्ग शील्ड प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरिएको छ ।

(थ) बिरेन्द्र नमुना माध्यमिक विद्यालयको नयाँ भवन निर्माण सम्पन्न भई सोहि भवनबाट पठनपाठन शुरू गरिएको छ । थप भवन निर्माणाधिन रहेको छ ।

(द) सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडामा नै पुगेर वितरण गरिएको छ ।

(ध) गाउँपालिकाबाट खरिद हुने सामानहरू विद्युतीय माध्यमबाट टेण्डर आह्वान गरी उल्लेखनीय रकमको बचत गरिएको छ ।

(न) हालसम्म जम्मा ३२ वटा ऐन, ४ वटा नियमावली, ४३ वटा कार्यविधि, ५ वटा मापदण्ड, ५ वटा नीति, १ वटा निर्देशिका, २ वटा कार्ययोजना तथा अन्य २ गरी जम्मा ९४ वटा कानुन निर्माण गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

६. आर्थिक वर्ष २०८१/०८२ को बजेटका प्रमुख उद्देश्यहरू निम्मानुसार रहेका छन्

(क) वित्तीय तथा प्रशासनिक सुशासनको माध्यमबाट सीमित श्रोत र साधनको अधिकतम् परिचालन गरी समुन्नतिको लक्ष्य हासिल गर्नु

(ख) शिक्षा, स्वास्थ्य, सामाजिक न्याय, लैङ्गिक समानता, रोजगारीको सिर्जना, पूर्वाधार विकास गरी मानव विकास सूचकाङ्कमा सुधार गर्नु

(ग) शैक्षिक सुधार गरी गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्नु

(घ) स्वास्थ्य सेवामा सुधार गरी गुणस्तरीय स्वास्थ्य सेवाको विकास गर्नु

(ङ) कृषि तथा पशुपालन व्यवसायमा सुधार गरी आत्मनिर्भरता उन्मुख गराउनु

(च) कृषि उत्पादकत्व वृद्धि गर्नु

(छ) क्रमागत योजनाहरू सम्पन्न गर्नु

(ज) पर्यटन पूर्वाधार विकास गरी आम्दानीका श्रोतहरू जुटाउनु

(ट) राज्यबाट प्रदान गरिने सेवा सुविधामा विपन्न, महिला, एकल महिला, दलित, अपाङ्ग तथा असहायहरूको पहुँच सुनिश्चित गर्नु

(ठ) सक्षम र सुदृढ स्थानीय सरकार बनाई सुशासन कायम गर्ने र विधिपूर्वक सेवा प्रवाह गर्ने ।

७. आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटका प्राथमिकताका आधारहरू निम्नानुसार रहेका छन्

(क) शिक्षा तथा स्वास्थ्य क्षेत्रको विकासको लागि आधुनिक सूचना तथा प्रविधिहरूको उपयोग गर्ने

(ख) वित्तीय तथा प्रशासनिक सुशासन कायम गरी सीमित श्रोत र साधनको अधिकतम् रूपमा उपयोग गर्ने

(ग) रोजगारी सिर्जना गर्ने खालका योजना तथा कार्यक्रमहरूको तर्जुमा गर्ने

(घ) सामाजिक तथा आर्थिक विकास गरी गरिबी निवारणमा टेवा पुर्याउने

(ङ) उत्पादनमूलक तथा छिटो प्रतिफल दिने खालका योजनाहरूमा राजश्व परिचालन गर्ने

(च) स्थानीय श्रोत तथा साधनहरूको अधिकतम् परिचालन गरी जनसहभागिता जुटाउने

(छ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने

(ज) कम खर्चमा धेरै प्रतिफल दिने तथा स्थानीय सीप र दक्षताको उपयोग गर्ने

(झ) मानवीय सूचकाङ्क माथि उठाउन योगदान दिने

(ञ) दिगो विकासको लक्ष्य हासिल गर्ने, वातावरण संरक्षण तथा विपद व्यवस्थापनमा योगदान दिने

(ट) जलवायु अनुकूलन कार्ययोजना कार्यान्वयन गरी विकासको लक्ष्य हासिल गर्ने

(ट) सेवा प्रवाहको गुणस्तर सुधार, संस्थागत विकास तथा सुशासनमा सहयोग पुर्याउने।

**आदरणीय सभाध्यक्ष महोदय,**

८. अब म आगामी आर्थिक वर्ष २०८१/०८२ मा यस गाउँपालिकामा आम्दानी हुने अनुमान गरिएका श्रोतहरूबाट प्राप्त हुने रकमको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु

(क) आन्तरिक राजश्वबाट रू. ८५ लाख ९६ हजार ९ सय आय हुने अनुमान गरेको छु ।

(ख) संघीय सरकारबाट प्राप्त हुने अनुदान जम्मा रू. २८ करोड ३९ लाख २१ हजार रहेको छ जसमध्ये संघीय वित्तिय समानिकरण अनुदान ९ करोड २६ लाख, संघीय सशर्त अनुदान चालु तर्फ रू. १३ करोड ६४ लाख २१ हजार, पूँजिगत तर्फ ३ करोड १९ लाख, संघीय विशेष अनुदान १ करोड ८० लाख र संघीय समपूरक अनुदान ५० लाख रहेको छ ।

(ग) प्रदेश सरकारबाट हुने अनुदान जम्मा रू. २ करोड १ लाख १५ हजार रहेको छ जसमध्ये प्रदेश वित्तिय समानिकरण अनुदान ६१ लाख १५ हजार, प्रदेश सशर्त पूँजिगत अनुदान ७० लाख र प्रदेश समपूरक अनुदान रू. ७० लाख रहेको छ ।

(घ) राजश्व बाँडफाँडबाट प्राप्त हुने जम्मा रू. ९ करोड ४५ लाख ६ हजार १ सय रहेको छ जसमध्ये संघीय राजश्व बाँडफाँडबाट ८ करोड ५१ लाख, प्रदेश राजश्व बाँडफाँडबाट ३४ लाख ६ हजार र स्थानीय राजश्व बाँडफाँडबाट ६० लाख १ सय रहेको छ ।

उपरोक्त श्रोतहरूबाट जम्मा रू. ४० करोड ७१ लाख ३९ हजार आय हुने अनुमान गरेको छु ।

९. सशर्त अनुदान वापत संघीय सरकारबाट प्राप्त हुने रू. १६ करोड ८३ लाख २१ हजार, संघीय विशेष अनुदान रू. १ करोड ८० लाख, संघीय समपुरक अनुदान ५० लाख तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान तर्फको रू. ७० लाख र प्रदेश समपूरक अनुदान तर्फको रू. ७० लाख बजेटमा नै सम्पन्न गर्नुपर्ने क्रियाकलापहरू तोकेर पठाइएको हुनाले जे जस्तो अवस्थामा प्राप्त हुन्छ सोहि अनुसार नै खर्च हुने गरी यस बजेट तथा कार्यक्रममा समावेश गरेको छु ।

१०. माथि उल्लेखित आय शिर्षकबाट प्राप्त हुने जम्मा रू. ४० करोड ७१ लाख ३९ हजार मध्ये सशर्त तर्फको जम्मा रू. १७ करोड ५३ लाख २१ हजार, विशेष अनुदान रू. १ करोड ८० लाख र समपूरक अनुदान रू. १ करोड २० लाख कटाई बाँकी रहन आएको रू. २० करोड १८ लाख १८ हजार लाई विभिन्न विषय क्षेत्रगत रूपमा खर्च हुने गरी बजेट प्रस्ताव गरेको छु ।

११. उपरोक्त विनियोजनयोग्य रकमबाट आर्थिक विकास क्षेत्रको लागि ७४ लाख, सामाजिक विकास क्षेत्रमा रू. ३ करोड ११ लाख १२ हजार, पूर्वाधार विकास क्षेत्रमा ४ करोड ९० लाख ८३ हजार ७ सय, वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा ४७ लाख ५० हजार, संस्थागत विकास तथा सुशासन क्षेत्रमा ३८ लाख ७५ हजार, वडागत विकास क्षेत्रको लागि ३ करोड ५० लाख, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको लागि रू. ८ करोड ५ लाख ८० हजार, कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशिलता परियोजना (हेफर प्रोजेक्ट) को लागि रु. ९१ लाख ६५ हजार र आ.व. २०८०/०८१ मा निरन्तर तथा निर्माणाधिन योजना तथा कार्यक्रमका लागि रु. ६९ लाख ३१ हजार ३ सय गरि जम्मा रू. २२ करोड ७८ लाख ९७ हजार प्रस्ताव गरेको छु । यसरी विषयक्षेत्रगत शिर्षकमा विनियोजन गर्दा नपुग हुने रकम रू. २ करोड ६० लाख ७९ हजार गाउँपालिकाको स्थानीय सञ्चित कोषमा मौज्दात रहने रकमबाट व्ययभार हुने गरी प्रस्ताव गरेको छु ।

आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि प्रस्तावित जम्मा बजेट रू. ४३ करोड ३२ लाख १८ हजार मध्ये चालु खर्च तर्फ जम्मा रू. २७ करोड ५८ लाख ८१ हजार अर्थात ६३.६८ प्रतिशत र पुँजिगत खर्च तर्फ जम्मा रू. १५ करोड ७३ लाख ३७ हजार अर्थात ३६.३२ प्रतिशत रहने गरी प्रस्ताव गरेको छु ।

११. विश्वव्यापी आर्थिक मन्दीको असर, बजेटको संकुचन, आन्तरिक आम्दानीका क्षेत्रहरूको सीमितता, बोझिलो प्रशासनिक खर्च, बढ्दो जनअपेक्षाका कारण सोचे अनुसारका लोकप्रिय कार्यक्रमको व्यवस्था गर्न नसकिएको भएतापनि सञ्चालनमा रहेका कार्यक्रमलाई निरन्तरता तथा केही नयाँ कार्यक्रम ल्याउने प्रयास गरिएको छ ।

१२. चालु आर्थिक वर्षदेखि सञ्चालनमा रहेका उज्यालो आँखा कार्यक्रम, छोरी सम्मान, सुत्केरी पोषण प्रोत्साहन भत्ता, जेष्ठ नागरिक, सुत्केरी, अपाङ्ग तथा विपन्न नागरिक स्वास्थ्य स्याहार कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ । यसको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१३. कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर कृषकहरूलाई लागत अनुदानमा दिइँदै आएको उन्नत वीउ विजन वितरण, कृषि सामाग्री वितरण, जैविक खेतिको विकास, कृषि व्यवसायको आधुनिकीकरण गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१४. पशु पालन व्यवसायलाई सुदृढिकरण गरी आम्दानी गर्नको लागि औषधीको व्यवस्था, खोप, पशु नश्ल सुधार कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु । कृषि तथा पशु विकासमा आधारित युवा उद्मशीलता परियोजना (हेफर नेपाल) सँगको साझेदारीमा कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिनको लागि रकमको व्यवस्था गरेको छु ।यसै वर्षदेखि पशु बीमा कार्यक्रम शुरू गरिनेछ ।

१५. संघीय सरकारसँगको साझेदारीमा निर्माण भइरहेको लागेको बिजुलीपुर सिचाई आयोजनाको लागि रू. १ करोड विनियोजन गरेको छु । यसबाट उक्त क्षेत्रको जमिनमा सिचाई सुविधा पुग्न गई कृषि उत्पादन बढ्नेछ ।

१६. विगत आर्थिक वर्षदेखि निर्माण शुरू गरिएका क्रमागत सडक योजनाहरूलाई निरन्तरता दिने गरी आवश्यक रकमको व्यवस्था गरेको छु ।संघीय सरकारको सशर्त अनुदानबाट सञ्चालन हुने गरी वडा नं. ५ को लौवस्ता-खलुवाचीस-सलौरा सडकको लागि रू. ४० लाख र वडा नं. ७ को सुर्खेत रोडदेखि जनता मा.वि. बुटनिया हुँदै सिम्ठाना सडक स्तरोन्नतिको लागि रू. ५० लाख सुनिश्चित भएको छ ।

१७. संघीय सरकारको विशेष अनुदानमा नमुना दलित वस्ती विकासको कार्य सञ्चालन गरिनेछ । यसको लागि रू. १ करोड ८० लाखको व्यवस्था गरेको छु ।

१८. वडा विकास कार्यक्रम अन्तर्गत हरेक वडाको कम्तिमा रू. ५० लाख को व्यवस्था गरेको छु ।

१९. विषयगत शाखा र वडा विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरूमा दोहोरोपन नहुने गरी व्यवस्था मिलाएको छु ।

२०. हिंसा पिडितहरूको उद्दार तथा राहतको लागि उपाध्यक्ष हिंसा पिडित उद्दार कोषको व्यवस्था गरेको छ ।

२१. अपाङ्ग, दलित, एकल महिला, अल्पसंख्यक, महिला, बालबालिकाहरूको सशक्तिकरण तथा क्षमता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक रकमको व्यवस्था गरेको छ ।

२२. दंगीशरण गाउँपालिकाभित्र रहेका पर्यटकीय क्षेत्रहरूको विकासको लागि आवश्यक रकमको व्यवस्था गरेको छ ।

२३. थारू जातिको भाषा, संस्कृति, कलाको संरक्षणको लागि कार्यक्रमहरू सञ्चालन गरिनेछन् । यसको लागि रकम छुट्याएको छ । महिलाहरूको महान चाड हरितालिका तीज पर्वको अवसरमा सचेतनामूलक तीज गीत प्रतियोगिता सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छ ।

२४. जेष्ठ नागरिकहरूको लागि कार्यक्रम सञ्चालन गर्न रकमको व्यवस्था गरेको छ ।

२५. महिला, अपाङ्गहरूको सीप विकासको लागि कार्यक्रमको व्यवस्था गरी आवश्यक रकमको व्यवस्था गरेको छ ।

२६. संघीय सरकारको अनुदानमा दंगीशरण-६ को खडकपुर र तुलसीपुर-२ पोटली जोड्ने चिरेगाड खोलामा झोलुङ्गे पुल आगामी आ.व. मा सम्पन्न गरिनेछ ।

२७. हरियाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत गाउँपालिकाको प्रशासकीय भवन, वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू तथा सडकका छेउमा वृक्षारोपण गरिनेछ ।यसको लागि रू. ९ लाख विनियोजन गरेको छ ।

२८. उत्कृष्ट रूपमा कार्यसम्पादन गर्ने कर्मचारी, स्वास्थ्यकर्मी र शिक्षकहरूलाई पुरस्कृत गर्न आवश्यक रकमको व्यवस्था गरेको छ ।

२९. अति विपन्न परिचय पत्र पाएका परिवारलाई स्वास्थ्य बीमा निशुल्क गरिदिन आवश्यक रकम विनियोजन गरेको छ ।

३०. किसानहरूलाई लागत साझेदारीमा कृषि औजार वितरणको लागि छुट्याइएको रकममा वृद्धि गरेको छ ।

३१. महिला, दलित, अपाङ्गहरूको सीप विकासको लागि आवश्यक रकमको व्यवस्था गरेको छ ।

३२. जनप्रतिनिधी, कर्मचारीहरूको क्षमता विकासको लागि कार्यक्रम सञ्चालन गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छ ।

३३. सहकारी संस्थाहरूको क्षमता विकासको लागि कोपोमिस तालिम दिने गरी आवश्यक व्यवस्था गरेको छ ।

२९. दंगीशरण गाउँपालिकाबाट सञ्चालित कार्यक्रमहरूमा अपनत्व ग्रहण गर्न र स्थानीय अर्थतन्त्रलाई क्रमिक रूपमा आत्मनिर्भरता तर्फ लैजान राजश्व वृद्धि गर्ने उद्देश्यले केही शीर्षकहरूका राजश्व तथा दस्तुरका दरमा सामान्य वृद्धि गर्ने प्रयास गरेको छु ।

प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को वार्षिक योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयनबाट मात्र दंगीशरण गाउँपालिकाको आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य तथा पूर्वाधारका क्षेत्रमा आशातित प्रगति हुने अपेक्षा गरेको छु । यहाँ प्रस्तुत वार्षिक योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयनबाट मात्र "**हाम्रो प्रण, समुन्नत दंगीशरण**" भन्ने नारालाई सार्थक बनाउन सकिन्छ । यो बजेटले गरेका व्यवस्था, योजना तथा कार्यान्वयनमा सम्पूर्ण जनप्रतिनिधी, राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक, बुद्धिजिवी, नागरिक समाज, समाजसेवी तथा सरकारी एवं गैरसरकारी संघसंगठन सबै क्षेत्रबाट आवश्यक सहयोग हुने नै छ आशा गरेको छु ।

अन्तमा यो वार्षिक योजना तथा कार्यक्रम तयार गर्न अहोरात्र खटि काम गर्नुहुने जनप्रतिनिधी, राष्ट्रसेवक कर्मचारी लगायत सबैको योगदानको उच्च मूल्याङ्कन गर्दै सम्मान गर्न चाहन्छु । प्रत्यक्ष अप्रत्यक्ष रूपले सहयोग गर्ने विकास साझेदार लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

पिमाकुमारी वली खड्का
(उपाध्यक्ष)

मिति २०८१ साल असाढ १० गते